# तारकेश्वर नगरपालिका

## राजस्व सुधार कार्ययोजना
## (Revenue Improvement Action Plan)

**नगरकार्यपालिकाको कार्यालय, धर्मस्थली,**
**काठमाडौं, बागमती प्रदेश, नेपाल**

२०७९

**प्रतिवेदन तयारी**

| | |
|---|---|
| **शीर्षक :-** | तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना |
| **सहयोग :-** | श्री प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश, नेपाल |
| **तयार गर्ने :-** | **क्युव-पाथवे-भूगोल जे.भी. विशालनगर, काठमाण्डौ** |
| **मिति :-** | असार, २०७९ |

# कृतज्ञता ज्ञापन

तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्न क्युव-पाथवे-भुगोल जे.भी., विशालनगर, काठमाडौंलाई जिम्मेवारी दिनुहुने बागमती प्रदेश प्रशिक्षण प्रतिष्ठान, कार्ययोजना तयार गर्नका लागि सहयोग पुऱ्याउनुहुने तारकेश्वर नगरपालिकाका नगर प्रमुख श्री कृष्णहरी महर्जन, नगर उपप्रमुख श्री श्रृजना बुर्लाकोटी अर्याल, प्रमुख प्रशासकीय अधिकृत श्री शिव प्रसाद लम्साल, तारकेश्वर नगरपालिकाका कार्यपालिका सदस्य तथा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा नगरपालिका परिवार प्रति परामर्शदाताका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।

**क्युव-पाथवे-भूगोल जे.भी., विशालनगर, काठमाडौं**

## विषयसूची


| | |
|---|---|
| **परिच्छेद एक : परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य | २ |
| १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू | ३ |
| १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया | ४ |
| १.५ कार्ययोजनाका सीमाहरू | ७ |
| **परिच्छेद दुई : स्थानीय तहको संक्षिप्त परिचय** | **९** |
| २.१ तारकेश्वर नगरपालिकाको संक्षिप्त परिचय | ९ |
| २.२ तारकेश्वर नगरपालिकाको मानव संसाधनको अवस्था | ११ |
| २.३ तारकेश्वर नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था | १३ |
| **परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** | **१६** |
| ३.१ स्थानीय तहको राजस्व अधिकारसम्बन्धी कानुनी व्यवस्था | १६ |
| ३.२ स्थानीय तहका आयका अन्य स्रोतहरू | १८ |
| ३.३ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू | २० |
| ३.४ तारकेश्वर नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था | २२ |
| ३.५ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | २४ |
| ३.५.१ स्थानीय कर राजस्व | २४ |
| ३.५.२ गैरकर राजस्व | २४ |
| ३.६ आन्तरिक राजस्व सङ्कलनको सम्भावना विश्लेषण | २६ |
| **परिच्छेद चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** | **३४** |
| ४.१ राजस्व परिचालनसम्बन्धी नीति | ३४ |
| ४.२ आय सङ्कलनको संस्थागत क्षमता | ३४ |
| ४.२.१ राजस्व परामर्श समिति | ३४ |
| ४.२.२ तारकेश्वर नगरपालिकाको राजस्व प्रशासन | ३५ |

४.२.३ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण ३६
४.३ तारकेश्वर नगरपालिकाको वर्तमान आन्तरिक आय परिचालन ३६
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ३७
**परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना ३९**
५.१ तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना ३९
**परिच्छेद छ : आगामी तीन बर्षको आय प्रक्षेपण ४४**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४४
६.२ स्थानीय तहको आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण ४५
**परिच्छेद सातः अपेक्षित नतिजा र सुझावहरू ४८**
**परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन ५२**
**अनुसूचीहरू**
अनुसूची १: तथ्याङ्क/सूचना सङ्कलनका लागि प्रयोग गरिएको फारम तथा सूची
अनुसूची २ अभिमुखीकरण कार्यक्रमको हाजिरी
अनुसूची ३ अभिमुखीकरण कार्यक्रमका फोटोहरू

# तालिका सूची

तालिका १: नगरपालिकामा समावेश भएका गाविस तथा वडाहरू १०
तालिका २: तारकेश्वर नगरपालिकाको जनसाङ्ख्यिक विवरण ११
तालिका ३: कर्मचारी दरबन्दी तथा नामावली नगरपालिकातर्फ १२
तालिका ४: तारकेश्वर नगरपालिका वडा कार्यालयका भवनसम्बन्धी विवरण १३
तालिका ५: तारकेश्वर नगरपालिकाका सवारी साधनसम्बन्धी सम्वधी विवरण १४
तालिका ६: सडक सुविधासम्बन्धी विवरण १४
तालिका ७: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको राजस्व अधिकार १६
तालिका ८: नगरपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण २३
तालिका ९: कर राजस्वतर्फको सम्भावना विश्लेषण २४
तालिका १०: गैर कर राजस्वतर्फको सम्भावना विश्लेषण २५
तालिका ११: सम्पत्ति कर सम्भावनाको गणना २७
तालिका १२: घरबहाल कर सम्भावनाको गणना २८
तालिका १३: व्यवसाय कर सम्भावनाको गणना २९
तालिका १४: व्यवसाय रजिस्ट्रेसन दस्तुर सम्भवानाको गणना ३०
तालिका १५: नक्सा पास दस्तुरको सम्भावनाको गणना ३२
तालिका १६: तारकेश्वर नगरपालिकाका राजस्व परामर्श समितिका पदाधिकारीहरू ३५
तालिका १७: तारकेश्वर नगरपालिकाको वर्तमान आन्तरिक आय परिचालन ३६
तालिका १८: तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना ३९
तालिका १९: राजस्व प्रक्षेपणका आधार र तीन बर्षमा हुने कुल आय ४४
तालिका २०: आगामी तीन आर्थिक वर्षहरूका लागि आय प्रक्षेपण ४६
तालिका २१: नगरपालिकाको प्रस्तावित आय संरचना ४८

## परिच्छेद एक : परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले नेपालमा १ केन्द्रीय, ७ प्रदेश र ७५३ स्थानीय तह सहितको शासकिय स्वरुपको निर्माण गरेको छ । यस अनुरूप ७५३ स्थानीय तह (गाउँपालिका, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरू) मा स्थानीय सरकारको पहिलो पाँच बर्षको कार्यकाल पूरा भई दोश्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भई संविधानले व्यवस्था गरे बमोजिम अनुसूचि ८ अनुसार निसृत गरिएका काम कर्तव्य र जिम्मेवारीहरू नियामित रुपमा निर्वाह गर्दै आइरहेका छन् । नेपालको संविधानले यी तीन तहका सरकारका बिच, समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्धद्वारा सहकारी मोडेलको सङ्घीयता कार्यन्वयनमा रहेको छ ।

स्थानीय तहमा संबिधान र कानूनले तोकेका अवधारणा, कार्यान्यवन र भूमिका बारे थप स्पष्टता आवश्यक छ । स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रूपमा सबल र सक्षम बनाउन राजस्व परिचालनसम्बन्धी ज्ञान, सिप र क्षमता अभिबृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ । विगतको पाँच वर्षको अनुभवलाई समेत आधार मानी राजस्वको सुधार तथा आन्तरिक आयमा समेत बढोत्तरी गराउने योजना नयाँ बनेको स्थानीय सरकारको कार्यकालको शुरू अवस्थामा नै तयार हुँदा आगामी पाँच वर्षका लागि समेत राजस्व वारेमा स्प्रष्ट दृष्टिकोण र अवधारणाको कार्यान्वयन पक्षले मुर्तता पाउने हुन्छ ।

राजस्व अधिकारको प्रयोगको तहगत अधिकारको बाँडफाँड गर्दै नेपालको संविधान र प्रचलित कानूनले भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत व्यक्तिगत आय कर, राहदानी शुल्क, पारिश्रमिक कर, भिसा शुल्क, पर्यटन दस्तुर लगायत अधिकार सङ्घीय सरकारलाई दिएको छ । घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, कृषि आयमा लाग्ने कर, मनोरञ्जन कर, विज्ञापन कर प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेका छन् । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका बिचमा समन्वय र सहकार्यका आधारमा अघि बढ्ने गरी स्थानीय सरकारलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, भूमिकर(मालपोत), घर नक्सा पास दस्तुर, सेवा शुल्क लगायत २२ ओटा एकल अधिकार प्रदान गरेको छ । पर्यटन शुल्क, प्राकृतिक

स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना सङ्घ तथा प्रदेश सरकारस‘‘गको समन्वय र सहकार्य गरी साझा रुपमा कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । यिनै एकल तथा साझा अधिकारको प्रयोग गरी स्थानीय सरकारले बजेट सहितको वार्षिक तथा समयगत योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ ।

नागरिकका चहाना पूरा गर्नको लागि स्थानीय सरकारले खर्च जुटाउनु पर्दछ । यसरी खर्च जुटाउनको स्थानीय सरकारको लागि सम्भावित आन्तरिक आय, अनुदान र ऋृण गरी तीन माध्यम रहेको देखिन्छ । स्थानीय सरकारले आफ्नो आयको श्रोतको रुपमा, केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा मात्र सिमित हुँदा जनआकाक्षा पुरा हुन नसक्ने हुँदा संविधान तथा प्रचलित नेपाल कानूनले दिएको अधिकार प्रयोग गरी राजस्वका क्षेत्रहरूको पहिचान तथा विद्यमान करका दायरा तथा दरहरू समयसापेक्ष बनाउँदै आय श्रोत विस्तार गर्नुपर्ने हुन्छ । स्थानीय तहको अर्थतन्त्र आत्मनिर्भर बनाउनको लागि जनताको कर तिर्न सक्ने क्षमतालाई मध्यनजर गर्दै आन्तरिक आयका स्रोत पहिचान तथा परिचालन गरी आन्तरिक आयमा बृद्धि गर्नुपर्ने हुन आउँछ ।

यसै पृष्ठभूमीका आधारमा तारकेश्वर नगरपालिकाको वित्तीय स्थिति सबल बनाउन राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan/RIAP) तयार गरिएको छ । यस योजनाले नगरपालिकाको आन्तरिक आयमा बृद्धि गरी वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने सघाउ पुग्ने हुन्छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरू पुरा गर्नुपर्ने अवस्था छ । यस प्रयोजनका लागि स्थानीय सरकारलाई सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजस्वका आधारहरू तयार गर्ने अधिकार निहित रहेको छ । स्थानीय सरकारको संरचना कार्यान्वयनको प्रारम्भकालमा रहेकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको व्यवस्थापन तथा अभ्यासको पक्ष पूर्ण रुपमा परिचालन भइसकेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय सरकारलाई आफ्नो क्षेत्रमा कर र गैरकर सङ्कलन गर्न सक्ने अधिकार रहेको छ तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, स-साना व्यवसायहरूमा कर लागु गर्दा हन सक्ने सम्भावित अलोकप्रियता, स्थानीय सरकारलाई प्राप्त हुन आएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु, जस्ता कारणहरूले गर्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहले अपेक्षित रूपमा राजस्व सङ्कलन गर्न सकिरहेको अवस्था छैन । यसरी स्थानीय सरकारहरूले वित्तीय सङ्घीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्रको बजेट खर्च गर्न पर्याप्त राजस्व जुटाउन नसकिरहेको अवस्था छ ।

स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठुलो लगानी आवश्यक देखिन्छ । त्यसका लागि कानूनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना पहिचान गरी राजस्वको क्षमता विस्तार गर्दै जानु अपरिहार्य हुन आँउछ । त्यसैको तयारी स्वरुप राजस्व कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक रहेको छ ।

### १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोत तथा सम्भावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहितको तीन वर्षे राजस्व सुधार कार्ययोजना तयार गर्न देहाय अनुसारका विशिष्ट उद्देश्य निर्धारण गरिएको थियो ।

- कर, गैर कर तथा प्रचलित कर प्रणालीबारे स्थानीय तहको बुझाइमा स्पष्टता ल्याउने,
- राजस्व तथा करका दायराहरू खोजी तथा पहिचान गर्न सहयोग पुर्‍याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक विधिहरू, कर निर्धारण प्रक्रिया, राजस्व निर्धारणका आधारहरू पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व परिचालनको समग्र पक्षको समिक्षा सहित मार्गचित्र तयार गर्ने ।
- तारकेश्वर नगरपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आन्तरिक आय सुधार रणनीति, राजस्व प्रक्षेपण, बजेट अनुमान, आर्थिक विधेयक निर्माण तथा सूचना प्रणाली व्यवस्थापनमा सहयोग पुग्ने दस्तावेज तयार पार्ने ।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तयार गर्दा राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना सङ्कलन फारम विकास, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गर्ने क्रममा अबलम्वन गरिएका विधिहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

पहिलो चरणमा आन्तरिक राजस्व अध्ययन कार्यका लागि परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन तथा अध्ययन गरिएको थियो । यस क्रममा अध्ययन गरिएका मुख्य सामग्रीहरू देहाय अनुसार रहेका छन् :

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४,
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७७ (पहिलो संसोधन), गाँउ नगर जिल्लासभा कार्यसञ्चालन ( कार्यविधि) ऐन, २०७५, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५, वागमती प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५, वागमती प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
- प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९, प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७, प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५, प्रदेश राष्ट्रिय वन ऐन, २०७६, प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६,
- तारकेश्वर नगरपालिकाको आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व.०७८/०७९ को योजना, नीति बजेट तथा कार्यक्रम
- तारकेश्वर नगरपालिकाको कार्यालयका विभिन्न शाखाहरूबाट प्राप्त भएका विवरणहरू

- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू

### १.४.२ तथ्याङ्क/सूचना सङ्कलन फाराम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना सङ्कलनका लागि अवश्यक फाराम (अनुसूची १ मा प्रस्तुत) तयार पारिएको थियो ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन

आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गर्नको लागि सरोकारवाला पक्षहरूसँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्नलिखित तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो :

- तारकेश्वर नगरपालिकाबारे सङ्क्षिप्त जानकारी ।
- वर्तमान राजस्व प्रशासनको अवस्था (सङ्गठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि) ।
- तारकेश्वर नगरपालिकाको आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण ।
- तारकेश्वर नगरपालिकाले राजस्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू ।
- तारकेश्वर नगरपालिकाको आ.व.०७६/०७७, आ.व.०७७/०७८ र आ.व.०७८/०७९ को योजना, नीति बजेट तथा कार्यक्रम ।
- राजस्व सूचना प्रवाह सम्बन्धी विवरण र तारकेश्वर नगरपालिकाको प्रशासनिक व्यवस्था ।

### १.४.४ प्रारम्भिक छलफल

नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिने फिल्ड अनुसन्धान टोलीले तारकेश्वर नगरपालिकामा राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति .......... मा प्रारम्भिक छलफल गर्ने कार्य गरेको थियो ।

### १.४.५. तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी

सूचना विश्लेषणको लागि तथ्याङ्कीय विधि तथा गुणात्मक विश्लेषण विधि दुवैलाई प्रयोगमा ल्याइएको थियो । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो ।

तारकेश्वर नगरपालिकाको विगतको आयको बृद्धिदरको विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको थियो । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरि गरिएको थियो ।

$$\textbf{CAGR}=\left\{\frac{Ending\ Value}{Begining\ Value}\right\}^{\left[\frac{1}{Number\ of\ Years}\right]}-1$$

जहाँ, CAGR = औसत वार्षिक बृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

Number of Year = बृद्धि दर गणना गरिएको कुल वर्ष संख्या

कार्यशाला गोष्ठी, स्थलगत अध्ययन लगायत विभिन्न स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण तथा छलफलबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको थियो । नगरपालिकाको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले तारकेश्वर नगरपालिकाको बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

### १.४.६ कार्ययोजनाको अन्तिम रूप

तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरेपछि नगरपालिकामा २०७९ असार २० गते नगरपालिकाका नगरप्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरू, राजस्व परामर्श समिति, वडा अध्यक्षज्यूहरू, शाखा

प्रमुखज्यूहरू लगायतको सहभागितामा बृहद् छलफल गरिएको थियो (उक्त छलफलको उपस्थिती माईन्युट र फोटो अनुसूची  र  मा उल्लेख गरिएको छ)। उक्त छलफलमा प्राप्त सुझाव र सल्लाहलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गरिएको छ । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट कार्यान्वयनमा ल्याइने छ ।

## **१.५ कार्ययोजनाका सीमाहरू**

क्षेत्र व्यापक रहेको भए तापनि सीमित स्रोत साधन, विगतका वर्षहरूको पर्याप्त सूचनाको अभाव, सीमित समय आदिका कारण तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको देहाय अनुसार सीमा रहेका छन् :

- कार्ययोजना कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन जस्ता स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरू एवं सरोकारवाला पक्ष सँगको छलफलबाट प्राप्त सुझावहरूको आधारमा तयार गरिएको छ ।
- तारकेश्वर नगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क सङ्कलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू संलग्न गरी यो कार्ययोजना तयार गरिएको छ ।
- तथ्याङ्क सङ्कलनका लागि सबै वडाहरूको स्थलगत सर्वेक्षण कार्य भएको छैन ।
- नेपालको संविधान तथा प्रचलित नेपाल कानूनले स्थानीय तहलाई दिइएका राजस्व अधिकारको मात्र अध्ययन तथा विश्लेषण गरिएको छ ।
- नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना हरेक वर्ष राजस्व समितिको सिफारिसमा प्रगती समिक्षा गरी समयसापेक्ष परिमार्जन गर्दै कार्यान्वयनमा ल्याउनेछ ।

## परिच्छेद दुई : स्थानीय तहको सङ्क्षिप्त परिचय

### २.१ तारकेश्वर नगरपालिकाको परिचय




वागमती प्रदेशको काठमाण्डौ जिल्लामा पर्ने तारकेश्वर नगरपालिका, पूर्वमा टोखा नगरपालिका, पश्चिममा नार्गाजुन नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला तथा दक्षिणमा काठमाडौं महानगरपालिकाको सिमानासँग जोडिएको छ । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१ मंसिर १६ को निर्णयानुसार यस क्षेत्रका साविकका सांग्ला, काभ्रेस्थली, जितपुरफेदी, गोलढुंगा, धर्मस्थली, फुटुंग र मनमैजु गा.वि.स. समेटेर तारकेश्वर नगरपालिका घोषणा गरिएको हो । तत्कालिन अवस्थामा २१ वटा वडामा विभाजित यो नगरपालिका हाल आएर ११ वटा वडामा समेटिएको छ । यस नगरपालिकाको केन्द्र साविकको तारकेश्वर गाविसको कार्यालयमा रहेको छ ।

यस नगरपालिकाको कुल क्षेत्रफल ३४.९५ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार यहाको कुल जनसंख्या १५१५०८ पुरुष ७५३०० र महिला ७६३०८ रहेको देखिन्छ । यहाँको जनगणना भएको घर संख्या २१६२३ र परिवार संख्या ४१३६४ रहेको छ ।

**नामकरण :**

स्वस्थानी वर्त कथामा उल्लेख भए अनुसार पौराणिक कालमा सतिदेवीको अँग पतन भई तारकेश्वर महादेव उत्पत्ति भई शक्तिपीठको रुपमा रहेको भनाई छ । सोही नामबाट यस नगरपालिकाको नाम तारकेश्वर नगरपालिका रहन गएको हो । यो नगरपालिका प्राकृतिक, धार्मिक साँस्कृतिक तथा भाषिक विविधताले भरिपूर्ण छ ।

साँस्कृतिक शक्तिपीठका रुपमा श्री तारकेश्वर महादेव मन्दिर, पुरानो गुह्येश्वरी मन्दिर, मनमैजु ईन्द्रायणी मन्दिर, भुवनेश्वरी मन्दिर, शान्तिधाम, सिम्लेश्वर महादेव मन्दिर, महांकाल मन्दिर, नारायण

देवी, कल्पेश्वर महादेव, नाखलडोल, बैखु, लोलाङ, पांचमाने, फेदी बजार, फुटुङ बजार, कुञ्चिप्वाकल जस्ता क्षेत्रहरु यस नगरपालिका धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा रहेका छन् ।

**सीमाना :**

यस नगरपालिकाको सिमाना पुर्वमा टोखा नगरपालिका, पश्चिममा नार्गाजुन नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणतर्फ काठमाडौं महानगरपालिका वडा नं. १६ सम्म फैलिएको छ। बागमती प्रदेशमा अवस्थित यो नगरपालिका धार्मिक सांस्कृतिक पर्यटन लगायत  विविद्य सम्भावनाले भरिपूर्ण रहेको स्थानीय तह मानिन्छ ।

**हावापानी तथा जलवायु :**

विश्वमान चित्रमा देशान्तर : ८५°१८'११" अक्षांश : २७°२७'१२" मा अवस्थित रहेको तारकेश्वर नगरपलिकामा समुन्द्र सहतदेखिको १३४५ मि. सम्मका भू-भागहरू रहेका छन् । जैविक विविधताले भरिपूर्ण यो नगरपालिका क्षेत्रमा हावापानीमा पनि विविधता रहेको पाइन्छ। पहाडी भागमा अवस्थित भएको हुनाले हिउँदमा सामान्य जाडो र गर्मीमा सामान्य गर्मी हुनु यहाँको विशेषता हो ।

**तालिका १: तारकेश्वर नगरपालिकामा समावेश भएका गाविस तथा वडाहरू**

| क्रं सं | साविकको न.पा/गा.वि.स | साविकका वडा | हाल कायम वडाहरू | क्षेत्रफल वर्ग कि.मि. |
|---|---|---|---|---|
| १ | तारकेश्वर | १,२,३ | १ | ५.९८ |
| २ | तारकेश्वर | ४,५,६ | २ | ८.५४ |
| ३ | तारकेश्वर | ७,८ | ३ | ८.९५ |
| ४ | तारकेश्वर | ९ | ४ | ०.९१ |
| ५ | तारकेश्वर | १०,११,१२ | ५ | ४.२४ |
| ६ | तारकेश्वर | १३,१४,१५ | ६ | १.८६ |
| ७ | तारकेश्वर | १६,१७ | ७ | १.४२ |
| ८ | तारकेश्वर | १८ | ८ | ०.४४ |
| ९ | तारकेश्वर | १९ | ९ | १.७४ |
| १० | तारकेश्वर | २० | १० | ०.४५ |
| ११ | तारकेश्वर | २१ | १ | ०.४२ |
| | **जम्मा वडा संख्या र क्षेत्रफल** | | ११ | ३४.९५ |

*स्रोत: नेपालको राजनीतिक तथा प्रशासनिक विभाजन*

## २.२ तारकेश्वर नगरपालिकाको मानव संसाधनको अवस्था

तारकेश्वर नगरपालिकाको सङ्गठन स्वरूप हेर्दा वर्तमान अवस्थामा नगरपालिकामा मुख्य गरी पाँचवटा शाखा अन्तर्गत विभिन्न ११ वटा शाखाहरू स्थापना भई आम नागरिकलाई आवश्यक सेवाप्रवाह गरिरहेका छन् । नगरपालिकामा रहेका शाखाहरू देहाय अनुसार रहेको देखिन्छ :

- शिक्षा, युवा तथा खेलकुद शाखा
- प्राविधिक शाखा
- कृषि/पशु सेवा शाखा
- जिन्सी शाखा
- स्वास्थ्य शाखा
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
- सहकारी संस्था दर्ता र उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा
- योजना शाखा
- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- आ.ले.प. शाखा

नगरपालिकाले माथि उल्लिखित विषयक्षेत्र समेट्ने गरी आफ्नो आवश्यकता र प्राथमिकता अनुरूप कार्यालयको प्रशासनिक ढाँचा कार्यान्वयनमा ल्याएको छ । नगरपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत जनशक्तिको अवस्था न्यून रहेको छ ।

| क.सं | पद | स्थायी | करार | जम्मा |
|---|---|---|---|---|
| १ | प्रमूख प्रशासकीय अधिकृत | १ | | १ |
| २ | अधिकृत नवौं | १ | | १ |
| ३ | अधिकृत आठौं | २ | | २ |
| ४ | अधिकृत सातौं | २ | | २ |
| ५ | अधिकृत छैठौं | ५ | | ५ |
| ६ | सहायक पाचौं | ४ | | ४ |
| ७ | सहायक चौथो | ४ | | ४ |
| ८ | सवारी चालक | १ | | १ |
| | | २० | ० | २० |

*स्रोत: तारकेश्वर नगरपालिका २०७९*

हाल नगरपालिकाले स्थायी र करार कर्मचारीहरु मार्फत सेवा प्रवाह गरिरहेको छ । नगरपालिकामा स्थायी कर्मचारीहरू २० जना मात्र रहेका छन् भने अन्य कर्मचारीहरू करारमा समयगत रोजगारीमा रहेको देखिन्छ । दरवन्दी अनुसारको पद व्यवस्थापन नभएको देखिन्छ । नगरपालिकाको प्रस्तावित संगठन संरचना अनुसार कुल १७८ कर्मचारीको पद आवश्यक रहेको देखिन्छ ।

## तारकेश्वर नगरपालिका, कार्यपालिका कार्यालयको प्रस्तावित सङ्गठन संरचना दरवन्दी विववरण सहित



तारकेश्वर नगरपालिकामा खासगरी विभिन्न विषयगत शाखा र इकाईहरूको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग प्रस्ट देखिन्छ । नीति तर्जुमा र बजेट कार्यान्वयनमा नगरकार्यपालिकालाई सघाउ पुऱ्याउने अधिकृत स्तरका कर्मचारीहरूको सङ्ख्या निकै न्यून रहेको छ ।

## २.३ तारकेश्वर नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

तारकेश्वर नगरपालिकामा सार्वजनिक सेवाप्रवाहको लागि नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरू रहेका छन् । नगरपालिकाको कार्यालय धर्मस्थली भन्ने ठाँउमा रहेको छ । सबै वडामा वडा कार्यालय समेत रहेका छन् । नगरपालिकाले हाल धर्मस्थलीमा रहेको आफ्नै पक्की भवनबाट कार्यालयको सेवाप्रवाह गरिरहेको छ । नगरपालिकाले हाल प्रयोगमा ल्याएको भवनमा १५ कोठा र एउटा व्यवस्थित सभाहल समेत रहेको छ । यस नगरपालिकामा जम्मा ११ ओटा वडाहरू रहेका छन् । जसको भवनको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४: तारकेश्वर नगरपालिका वडा कार्यालयका भवन सम्बन्धी विवरण :**

| वडा नं. | विवरण | कोठा सं. | भौतिक अवस्था | लालपुर्जा भएको /नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| २ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ३ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ४ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ५ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ६ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ७ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ८ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ९ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| १० | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |
| ११ | वडा कार्यालय भवन | | पक्की | भएको | आफ्नै |

*स्रोत: तारकेश्वर नगरपालिका २०७९*

### २.३.१ विद्युत, सडक र खानेपानीको व्यवस्था

यस नगरपालिकाका सबै वडाहरूमा नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रशारणबाट विद्युत्को आपूर्ति भएको छ । यस नगरपालिकामा विद्युत्को भरपर्दो आपूर्ति भएकाले विद्युत्का बैकल्पिक उपायहरू

अपनाइएका छैनन् । तारकेश्वर नगरपालिकामा करिव ९९ प्रतिशत परिवारमा विद्युतको पहुँच रहेको छ । सवै वडा र टोलहरुमा सडक सुविधा पुगेको छ । सडकको स्तरोन्नतीको पक्षमा अपेक्षा गरेअुनरुप श्रोतको यथेष्ठता नहुँदा पूर्ण सुविधासम्पन्न बनाउन सकिएको छैन । नगरपालिकामा अधिकांश परिवारमा खानेपानीको पहुँच रहेको छ ।

### २.३.४ औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण

यस नगरपालिका भित्र वसोवास गर्ने नगरपालिकावासीले विभिन्न किसिमका व्यवसायमा संलग्न रहेको पाइन्छ । संख्यात्मक रुपमा हेर्ने हो भने यहाँका बासिन्दाले खाद्य तथा किराना पसल, होटल व्यवसाय, कपडा पसल, कस्मेटिक पसल आदि संचालन गर्ने संख्या धेरै रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या पनि धरै मात्रामा रहेको छ । नगरपालिकामा व्यवसाय दर्ताको प्रणाली पुर्ण कार्यान्वयन भइसकेको भएपनि आम व्यवसायीहरू दर्ता गरेर व्यवसाय गर्नेको मात्रा न्युन नै रहेको देखिन्छ । अवस्था रहेको छ । हालसम्म नगरपालिकामा दर्ता भएर सञ्चालन भएका व्यवसायहरूको संख्या ३००० को हाराहारीमा रहेको छ । संस्था दर्ता भएकाहरू पनि नियमित रुपमा नविकरण र अद्यावद्यिक गर्ने व्यवसाय नगन्य मात्र रहेको देखिन्छ ।

## परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शिर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था .

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजस्वअधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- हाटबजार व्यवस्थापन
- सवारी साधन कर
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत)
- ब्यक्तिगत घटना दर्ता
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ ।

**तलिका ९ः स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार**

| राजस्व शिर्षक | कानूनी प्रावधान |
|---|---|
| कर | ● आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर (घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर र बाँकीमा भूमिकर/मालपोत) । (घरजग्गा कर सार्वजनिक उपयोगको घर जग्गामा, मुनाफा रहित संस्थामा, धार्मिक प्रयोजन, सरकारको, दुतावास एवं कुटनैतिक नियोगहरू स्वामित्वको घर र जग्गामा सम्पत्ति कर लाग्दैन ।)<br>● भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>● घर जग्गा बहाल कर<br>● व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>● सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>● जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ( दफा ६१) |
| शुल्क | ● बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (दफा ५९)<br>● पार्किङ्ग  शुल्क : आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत (दफा ६०) |

| | |
|---|---|
| सेवा शुल्क | ● आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा<br>● आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा :<br>● खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि<br>● अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवामा<br>● सिफारिस सम्बन्धी कुनै सेवा शुल्कमा (दफा ६२) |
| दस्तुर | ● एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग<br>● ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>● नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>● पंजिकरण ब्यवस्थापन दस्तुर<br>● वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत<br>● जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर |
| वस्तु तथा सेवा विक्री | ● ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर (दफा ६२.क)<br>● सामुदायिक वन उपभोक्ता समितीले वन पैदावार बिकी, (दफा ६२.ख) |
| संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने | ● प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>● खनिज पदार्थको उत्खनन रोयल्टी<br>● सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>● पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>● प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>● खनिज पदार्थको उत्खनन रोयल्टी<br>● सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>● पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी<br>● खानेपानी महसुल<br>● स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>● स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन<br>● जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति |

| | |
|---|---|
| | ● स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण<br>● इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण<br>● स्थानीय तहका पत्रपत्रिकाको दर्ता |
| स्थानीय तहमा संकलन भई बाँडफाँड हुने | ● बिज्ञापन कर: स्थानीय तहले दर निर्धारण र संकलन गर्ने<br>● मनोरञ्जन कर: स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)<br>● घर जग्गा रजिष्ट्रेशन शुल्क: स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने)<br>● उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने<br>● ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने । |
| प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने | ● सवारी साधन (माथि उल्लेखित बाहेक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>● पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>● (पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने) |

## ३.२ स्थानीय तहका आयको अन्य श्रोतहरु

स्थानीय तहका अन्य आयको श्रोतको रुपमा केन्द्र र प्रदेश सरकारबाट चार प्रकारका अनुदान प्राप्त गर्ने गर्दछन् । गाउँपालिका नगरपालिकाले विकासको गती बढाउने लक्ष लिएमा ऋण लिन सक्छन् । त्यसवारेको सारंश बुँदागत रुपमा यो खण्डमा प्रस्तुत गरिएको छ ।

### वित्तीय समानीकरण अनुदान

- नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने ।(नेपालको संविधानको धारा ६० को उपधारा ४)
- प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने ।(नेपालको संविधानको धारा ६० को उपधारा ५)

- यस प्रकारको अनुदानलाई स्थानीय सरकारले आवश्यक देखेको विकासे काममा खर्च गर्न सक्ने स्वीकृति दिईएको हुन्छ । यो अनुदान कर्मचारी तलव र अन्य प्रशासनिक खर्चमा खर्च गर्न पाइने छैन ।

**सशर्त अनुदान**

- नेपाल सरकारले स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने ।
- सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्ने ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने । सशर्त अनुदान भित्र शिक्षा क्षेत्रका शिक्षक तथा कर्मचारी, स्वास्थ्य क्षेत्रका कर्मचारीहरु, अन्य स्थानीय कर्मचारीको तलव भत्ता आदिको खर्च पर्दछ ।

**समपूरक अनुदान**

- नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने ।
- समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछ :-
- योजनाको संभाव्यता, योजनाको लागत,
- योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,
- योजनाको आवश्यकता र प्राथमिकता ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

**विशेष अनुदान**

- नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ ।
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास

- आर्थिक, सामाजिक वा कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास ।
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गन

**बैदेशिक सहायता र ऋण सम्बन्धी व्यबस्था**

- **वैदेशिक सहायता** : स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्नसक्ने छैन ।
- **आन्तरिक ऋण :** स्थानीय तहले आयोगले सिफारिश गरेको सीमाभित्र रही २५ वर्षभन्दा कम अवधिको लागि आन्तरिक ऋण लिन सक्ने तर आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ ।
- आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्ने ।

**नेपाल सरकारले स्थानीय तहलाई ऋण दिन सक्ने**

- नेपाल सरकारले स्थानीय तहलाई ऋण दिन सक्ने ।
- स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि अर्थ मन्त्रालय समक्ष अनुरोध गर्न सक्ने ।
- अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्ने ।
- नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति प्राप्त भएमा अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्ने ।
- यस्तो ऋण स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट असुली गर्न सक्ने ।

**३.३ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । तारकेश्वर नगरपालिकाले राजस्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् :

### ३.३.१ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरि नगरसभाबाट पारित गरि कार्यान्वयन गरेको भएपनि कार्यान्वयनमा नागरिक समाज लगायत पक्ष जागरुख नहुँदा संकलन लक्ष अनुरुप नभएको देखिन्छ ।

### ३.३.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ तथा बेग्लै राजस्व शाखाको व्यवस्था भइसकेको छ । वडा कार्यालयलाई केही शिर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई तालिम दिई दक्ष बनाउनुपर्ने देखिन्छ । रसिद प्रणालीलाई पूर्ण रुपमा निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

### ३.३.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

नगरपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले नगरपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आवधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ । नगरपालिका क्षेत्रमा रहेका घरधुरीको नंवर कायम गरी बहालमा रहेका घरको पहिचान गरी करको दायरामा ल्याउने कार्य र त्यसको तथ्याङ्क व्यवस्थापनको कार्य अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिँदैन ।

### ३.३.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी नगरपालिकाबासीहरूको कर तिर्न सक्ने हैसियत वृद्धि गर्नुपर्ने हुन्छ । यसकालागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । व्यवसाय कर तिर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

### ३.३.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजस्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हुन आवश्यक छ । जुन शिर्षकबाट आय आर्जन भएको हो सोही शिर्षकमा नै बढी खर्च गर्दा नगरपालिकावासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकंलित राजस्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

### ३.३.६ परिवर्तित व्यवस्था अनुसार राजस्व संकलन

परिवर्तित व्यवस्था अनुसार राजस्व संकलनको लागि कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजस्व शिर्षकहरूमा समन्वयात्मक तरिकाले राजस्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ । तारकेश्वर नगरपालिकामा व्यवसाय दर्ता र नविकरणको प्रणालीलाई व्यवस्थित गर्न नसकिएको हुँदा पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने गर्ने कार्य चुनौतीपुर्ण रहेको देखिन्छ । बहाल कर संकलनको कार्य नगन्य देखिन्छ । आम नागरिकलाई स्वःस्फूर्त रुपमा कर तिर्न प्रेरित गर्ने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ जसका कारण राजस्व संकलन अपेक्षित रुपमा हुन सकेको छैन ।

### ३.३.७ राजस्व प्रशासन तथा नीति सम्बन्धी सवालहरू

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको राजस्व परिचालन सम्बन्धमा निम्न मुद्दाहरू रहेको देखिन्छ :

- राजस्व प्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार भएका पनि कार्यान्वयनमा अपेक्षित नतिजा प्राप्त हुन सकेको देखिँदैन ।
- संविधान र कानुनले दिएको क्षेत्राधिकार भित्र रहेका आफ्नो क्षेत्रमा सम्भाब्य आयको पूर्ण रुपमा पहिचान नहुनु, जसका कारण संघ, प्रदेश र नगरपालिका विचका फोहोर व्यवस्थापन लगायतका विविध पक्षमा प्रभावकारी समन्वय हुन नसकेको ।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी कमी हुनु ।
- राजस्व सम्बन्धी अभिलेख समेटिएको छुट्टै व्यवस्थित वस्तुगत विवरण नहुनु तयार ।
- नयाँ स्रोतहरू पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तार यथेष्ट हुन नसक्नु ।
- राजस्व परिचालनका नयाँ सम्भाव्यताको सम्भाव्यताको पहिचान नहुनु ।

### ३.४ तारकेश्वर नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

तारकेश्वर नगरपालिकाले विगतका आर्थिक वर्षहरूमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत वृद्धिदर आदिको समीक्षा तथा विश्लेषण यस भागमा गरिएको छ । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्राप्त राजस्व अधिकारका शिर्षकहरूको परिचालन कसरी गरिएको छ जान्नु उपयुक्त हुन्छ । नगरपालिकाले उपरोक्त राजस्व शिर्षकहरू मध्ये असुली गरिरहेको, संकलनका लागि निर्णय मात्र गरेको र सम्भावना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ । यस नगरपालिकाको आ.व. ०७६/७७ को यथार्थ र आ.व. ०७७/७८ को संशोधित अनुमान तथा चालु आ.व. ०७८/७९ को प्रस्तावित आय तथा संघिय सरकारबाट प्राप्त भएको वित्तिय समानीकरण तथा सर्शत अनुदान सम्बन्धी देहायमा उल्लेखित तालिकाले नगरपालिकाको आय परिचालनको अवस्था देखाउँदछ ।

**तालिका ८: नगरपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण**

**(हजारमा)**

| शिर्षक | आ.व. २०७६/०७७ को यथार्थ | आ.व २०७७/७८ को संसोधित अनुमान | आ.व २०७८/७९ को अनुमान | वृद्धि दर % |
|---|---|---|---|---|
| **आय** | १०७७२५७ | १२७०३९६ | १४४६४३५ | १०.३ |
| **राजश्व** | ७३२२५७ | ११७५८९६ | १३२३३१८ | २१.८ |
| **आन्तरिक श्रोत** | ४९३९७२ | ७३९४९७ | ७९१६५० | १७.० |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | २३८२८५ | ४३६३९९ | ५३१६६८ | ३०.७ |
| **अन्तर सहकारी वित्तिय हस्तान्तरण** | ३४५००० | ६०१५९८ | ६२९८०४ | २२.२ |
| **नेपाल सरकारबाट प्राप्त अनुदान** | ३२३३०० | ५४०४०० | ५५७१०० | १९.९ |
| **१३३११ समानीकरण अनुदान** | २१४३०० | २१२१०० | २२५९०० | १.८ |
| **१३३१२ शर्शत अनुदान चालु** | २४५०० | २७४३०० | ३१८६०० | १३५.२ |
| **१३३१३ शर्शत अनुदान पुँजिगत** | | | | |
| **१३३१४ विषेश अनुदान चालु** | | | ४२०० | |
| **१३३१५ विषेश अनुदान पुँजिगत** | | | ४२०० | |
| **१३३१६ समपुरक अनुदान** | | ४००० | ४२०० | |
| **१३३१८ अन्य अनुदान (संघिय संरचना पूर्वाधार विकास कार्यकम)** | ८४५०० | ५०००० | | |
| **प्रदेश सरकारबाट** | २१७०० | ६११९८ | ७२७०४ | ४९.६ |
| **१३३११ समानीकरण अनुदान** | ० | ११९७६ | २००५१ | |
| **१३३१२ शर्शत अनुदान** | १०००० | १५०२२ | २२७०९ | ३१.४ |

| | | | | |
|---|---|---|---|---|
| **१३३१३ अन्य ससर्त अनुदान (शिक्षा स्वास्थ्य)** | ११७०० | | | |
| **१३३१४ विषेश अनुदान चालु** | | | २८०० | |
| **१३३१५ विषेश अनुदान पुँजिगत** | | | | |
| **१३३१६ समपुरक अनुदान चालु** | ० | ५००० | २७१४४ | |
| **१३३१७ समपुरक अनुदान पुँजिगत** | | | | |
| **१३३१८ अन्य अनुदान (प्रदेश पूर्वाधार विकास कार्यक्रम)** | | ३०००० | | |
| **१३३१६ समपुरक अनुदान** | ० | ४०००० | ५०००० | |

*स्रोत: तारकेश्वर नगरपालिका २०७९*

तारकेश्वर नगरपालिकाको विगत ३ आ.व.को बजेटलाई विश्लेषण गर्दा आ.व. ०७६/७७ यताका बर्षमा राजस्व संकलन कोभिड-१९ को महामारीको बिचमा पनि उल्लेखनिय नै रहेको देखिन्छ। आन्तरिक श्रोतको वृद्धि दर १७ % रहेको देखिन्छ भने राजस्व बाँडफाँडबाट प्राप्त रकमको वृद्धि दर ३०.७% रहेको देखिन्छ। समग्रतामा आन्तरिक राजस्वमा २१.८ प्रतिशतको वृद्धि रहेको देखिन्छ यसको निरन्तरता तर्फ तारकेश्वर नगरपालिकाले प्राथमिकता दिनुपर्ने देखिन्छ। अन्तर सहकारी वित्तिय हस्तान्तरणबाट प्राप्त हुने आयमा प्रदेश सरकारबाट आउने आयको वृद्धि दर ४९.६% को तुलनामा र केन्द्र सरकारबाट प्राप्त भएको आयको औषत वृद्धि दर कम १९.९% मात्र रहेको देखिएपनि यो सकरात्मक देखिन्छ। केन्द्र सरकार र प्रदेश सरकारबाट आउने हस्तान्तरणको निरन्तरता

केन्द्र सरकार सँग प्रभावकारी समन्वय आवश्यक देखिन्छ। आन्तरिक श्रोतको सुदृढिकरणको लागि आवश्यक प्रयास चाल्नु अपरिहार्य रहेको छ।

तारकेश्वर नगरपालिकाको विगत ३ आ.व.को बजेटलाई विश्लेषण गर्दा आ.व. ०७६/७७ मा राजश्व संकलन उच्च रहेको पाइन्छ। करको दर न्यून रहेता पनि दायरा फराकिलो बनाइएकोले वृद्धि दर उच्च देखिएको छ। विगतका वर्षहरूमा भन्दा करको दायरा बृद्धि गर्दा समग्र वृद्धिदर बढी भएकाले आगामी दिनमा यही अनुसार वृद्धि हुने देखिदैन। आ.व. ०७७/७८ नगरपालिकाले रु. ९ करोड ९३ लाख आन्तरिक आयको अनुमान गरेको छ भने वाह्य आय तर्फ नेपाल सरकारबाट रु.५२ करोड ५५ लाख वित्तिय समानीकरण अनुदान र ससर्त अनुदान प्राप्त गरेको छ। यस तथ्याङ्कले नगरपालिकाको आयमा वाह्य स्रोतको हिस्सा उल्लेख्य रहेको देखिन्छ।

## ३.५ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यो कार्ययोजना तर्जुमाको क्रममा तारकेश्वर नगरपालिकाको राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण गरिएको छ । **तारकेश्वर** नगरपालिकामा रहेको कर र गैर करका क्षेत्रको पहिचान, सम्भावना, संकलन भएको नभएको दर निर्धारणको अवस्थाको वारेमा यो खण्डमा विश्लेषण गरिएको छ । नगरपालिका क्षेबमा पहिचान भएका आयका श्रोतहरूको निर्धारण भएको भएता पनि लक्ष अनुरुप उठ्न भने सकेको देखिँदैन ।

### ३.५.१ स्थानीय कर राजस्व

सम्पत्ति कर, भूमि कर (मालपोत), सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर, विज्ञापन कर, मनोरञ्जन कर जस्ता कर राजस्वको सम्भावनाका क्षेत्र तथा संकलन भएको नभएको तथा दर निर्धारणको अवस्था वारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: कर राजस्व तर्फको सम्भावना विश्लेषण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | भएको | भएको |

*स्रोतः  तारकेश्वर नगरपालिका २०७९*

### ३.५.२ गैरकर राजस्व

बिभिन्न शुल्क, दस्तुर तथा सेवा प्रदान गरे वापतको दस्तुर तथा सेवा शुल्क जस्ता गैरकर राजस्वको सम्भावनाका क्षेत्र तथा संकलन भएको नभएको तथा दर निर्धारणको अवस्था वारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १०: गैर कर राजस्व तर्फको सम्भावना विश्लेषण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो,स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | भएको |
| ३ | वन पैदावार (सामुदायिक वनको) बिक्री वापतको आय | नभएको | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ५ | ब्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | भएको | भएको | भएको |
| ६ | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| ८ | अस्पताल संचालन | भएको | भएको | भएको |
| ९ | फोहरमैला ब्यवस्थापन शुल्क | भएको | भएको | भएको |
| १० | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप  फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | भएको | नभएको | नभएको |
| १३ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,  शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि) | भएको | नभएको | नभएको |
| १४ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | भएको | भएको | भएको |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| १७ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| १८ | दण्ड जरिवाना | भएको | भएको | भएको |

*स्रोतः तारकेश्वर नगरपालिका २०७९*

### ३.६ आन्तरिक राजस्व संकलनको सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजस्व मध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.६.१ भूमी कर तथा मालपोत कर

विगतका आ.व.मा यस नगरपालिकामा मालपोत तथा भुमीकर प्रमुख आन्तरिक स्रोतको रुपमा रहेकोमा यो नियमित रुपमा आउने न्युतनम रहेको भएपनि समयसापेक्ष पुनरावलोकन आवश्यक रहेको देखिन्छ । नगरपालिकाले मालपोत कर संकलन गरिरहेको छ । आ.व. २०७७/७८ मा भुमिकर तथा मालपोत कर वापत रु. ३५०००००/- कर संकलन भएको देखिन्छ । यो कार्ययोजना कार्यान्वयनमा आएपछि पनि नगरपालिकाको लक्ष अनुरुप ३५०००००/- उठ्ने आँकलन गरी थप प्रक्षेपण गरिएको छैन ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- भू-उपयोगको वर्तमान अवस्था अध्यावधिक गर्ने ।
- घर परिवार साथै विभिन्न संघ संस्थाका नाममा रहेको जग्गा जमिनको यथार्थ विवरण सङ्कलन गर्ने मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- भूमिकर (मालपोत) को दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अन्तरगत मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रका जग्गा जमिनमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम निर्धारण गर्ने कुनै जग्गा जमिनको धनिपूर्जाको विवरणमा फरक पर्न गई नर बही वा नर घटीको सम्भावना रहे नरहेको यकिन गर्ने ।
- मालपोत समयमा नतिर्नेको हकमा सो वापत लिईने जरिवान वा छुटको व्यवस्था समेत उल्लेख गरिनु पर्ने ।
- निर्धातिर समय सिमा भित्र भूमिकर नतिर्ने जग्गा धनीको बक्यौता रकम असुलीको समयमा जरिवाना समेत लिनु पर्ने व्यवस्था रहेमा यसलाई दण्ड जरिवाना शिर्षक अन्तरगत व्यवस्था गरिनु पर्ने ।

### ३.६.२ सम्पत्ति कर

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार तारकेश्वर नगरपालिकामा कुल जनगणना भएको घर संख्या २१६२३ रहेकोमा सोही परिवार संख्याको आधारमा सम्पत्ति करको प्रक्षेपण गरिएको छ । नगरपालिकाले सम्पत्ति कर लागु गरेको छ । अनुमानित करदाताको संख्या तथा सम्पत्तिकरको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहाय बमोजिम देखिन्छ :

**तालिका ११: सम्पत्ति कर सम्भावनाको गणना**

| अनुमानित अचल सम्पत्ति मूल्यांकन | अनुमानित करदाता संख्या | करदाता संख्या प्रतिशत | कर दर | अनुमानित प्रक्षेपण |
|---|---|---|---|---|
| पहिलो रु. १० लाख रुपैया सम्म | २१६२ | १० प्रतिशत | २०० | ४३२४६० |
| रु. १० देखि २५ लाख सम्म | ४३२५ | २० प्रतिशत | ५०० | २१६२३०० |
| रु. २५ देखि ५० लाख सम्म | ४३२५ | २० प्रतिशत | १००० | ४३२४६०० |
| रु. ५० देखि ७५ लाख सम्म | ४३२५ | २० प्रतिशत | २००० | ८६४९२०० |
| रु. ७५ देखि एक करोड सम्म | २१६२ | १० प्रतिशत | ३००० | ६४८६९०० |
| रु. १ देखि २ करोड सम्म | १०८१ | ५ प्रतिसत | ४००० | ४३२४६०० |
| रु. २ देखि ३ करोड सम्म | १०८१ | ५ प्रतिशत | ५००० | ५४०५७५० |
| रु. ३ देखि ५ करोड सम्म | १०८१ | ५ प्रतिशत | ७५०० | ८१०८६२५ |
| रु. ५ करोड देखि माथि | १०८१ | ५ प्रतिशत | १०००० | १०८११५०० |
| **जम्मा** | **२१६२३** | | | ५०७०५९३५ |

*स्रोत: राजस्व सुधार कार्ययोजना २०७९*

आ.व. २०७७/७८ मा सम्पत्ति कर बापत रु. ४ करोड असुल गर्ने सशोधित अनुमान गरिएकोमा यो कार्ययोजना कार्यान्वयनमा आएपछि सोको कुल सम्भावना करिब ५ करोड ७ लाख आम्दानी गर्न सकिने अवस्था देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- सम्पत्ति करलाई प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- कर निर्धारण गरी ऐनमा व्यवस्थ गरिए पछि अनिवार्य कार्यान्वयनमा ल्याउनु पर्ने
- समहगत रुपमा विभक्त गरिएका घरहरूको सम्पति कर निर्धारण गर्दा घर निर्माणको प्रकृति, निर्माणकालागि प्रयोग भएका सामग्री र घर तथा जमिनले चर्चेको जग्गाको प्रकृति समेतको बस्तुगत मूल्याङ्कन दरका आधारमा मूल्याङ्कन गरी सम्बन्धित तालिकामा उल्लेखित दरमा कर निर्धारण गर्न उपयुक्त हुने ।

- सम्पति करका लागि भौतिक संरचनाको हासकट्टी (प्रति बर्ष टफट कट्टि दर) को आधार निर्माण गरी शेष अङ्कको हकमा अन्तिम १० प्रतिशत मूल्य रहने गरी कट्टी हुने जम्मा बर्ष किटान गर्ने संरचनाको आयु सुनिस्चित गर्नु पर्ने ।
- सम्पति कर प्रयोजनाका लागि जग्गाको मूल्याङ्कन गर्दा प्रचलित ऐन कानूनको आधारमा निर्धारण गर्ने ।
- संरचना तथा जग्गाको उपयोगको प्रयोजन हुने र भौतिक पूर्वाधर सेवा उपलब्ध रहेका क्षेत्रलाई मूख्य आधार बनाउनु पर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने साथै व्यक्तिगत तथा संस्थागत क्षमता विकास गर्ने ।

**३.६.३ बहाल कर :**

स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र परेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार स्थानीय तहमा नै रहेकोले नगरपालिकाले बार्षिक बहाल रकमको आधारमा बहाल कर निर्धारण गरेमा उपयुक्त हुने देखिन्छ । यहाँ प्रस्तुत गरिएको बहाल कर प्रगतिशिल रुपमा प्रक्षेपण गरिएको छ । कति बहालमा रहेका छन् भन्ने वारेको यकिन तथ्याङ्क नगरपालिका सँग पनि उपलव्ध रहेको छैन । सामान्यतया व्यवसाय नविकरण गर्ने वा अन्य विभिन्न प्रयोजनबाटनगरपालिकाबाट सेवा प्राप्त गर्नुपर्ने भएको खण्डमा मात्र बहालकर तिर्ने चलन समग्र नेपालमा नै रहेको देखिन्छ। यसबाट यो नगरपालिका पनि फरक रहेको देखिँदैन । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार तारकेश्वर नगरपालिकामा कुल जनगणना भएको घर संख्या २१६२३ रहेको र परिवार संख्या ४१३६४ परिवार संख्या रहेकोमा कुल उक्त अन्तरमा रहेको १९७४१ परिवार बहालमा रहको आँकलन गरी त्यसको आधारमा आवासीय बहाल कर प्रक्षेपण गरिएको छ ।

**तालिका १२: घरबहाल कर सम्भावनाको गणना**

| क्र.सं. | आवासिय भाडा दर (बार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | ५०००० (४०%) | ७८९६ | ०.००२ | ७८९६४० |
| २ | १००००० (२०%) | ३९४८ | ०.००३ | ११८४४६० |
| ३ | १२०००० (१५%) | २९६१ | ०.००४ | १४२१३५२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | १५०००० (१०%) | १९७४ | ०.००५ | १४८०५७५ |
| ६ | १८०००० (५%) | ९८७ | ०.००६ | १०६६०१४ |
| ६ | २२०००० (५%) | ९८७ | ०.००७ | १५२००५७ |
| ७ | २५०००० (३%) | ५९२ | ०.००८ | ११८४४६० |
| ८ | ३००००० (२%) | ३९५ | ०.००९ | १०६६०१४ |
| | **जम्मा** | **१९७४१** | | **९७१२५७२** |

तारकेश्वर नगरपालिका क्षेत्रमा कुल ११ वटा वडा रहेको देखिन्छ। व्यापार व्यावसाय गर्ने व्यक्ति तथा संस्थामा प्रति व्यवसायमा व्यवसायिक वहाल कर नगरपालिकाले लिने गरेको छ । हरेक वडामा कम्तीमा पनि ७०० व्यापार व्यावसाय रहेको आधारमा व्यवसायको बहालकर प्रक्षेपण गरिएको छ ।

**तालिका १२.२: व्यावसायीक बहाल कर सम्भावनाको गणना**

| **क्र.सं.** | **व्यवसायिक भाडा दर (बार्षिक)** | **अनुमानित संख्या** | **दर रेट** | **अनुमानित आय** |
|---|---|---|---|---|
| १ | ६०००० | ३०८० | ०.०१ | १८४८००० |
| २ | ९०००० | १५४० | ०.०१५ | २०७९००० |
| ३ | १२०००० | ११५५ | ०.०२ | २७७२००० |
| ४ | १५०००० | ७७० | ०.०२५ | २८८७५०० |
| ६ | १८०००० | ३८५ | ०.०३ | २०७९००० |
| ६ | २१०००० | ३८५ | ०.०३५ | २८२९७५० |
| ७ | २५०००० | २३१ | ०.०४ | २३१०००० |
| ८ | ३००००० | १५४ | ०.०४५ | २०७९००० |
| | **जम्मा** | **७७००** | | **१८८८४२५०** |

*स्रोत: तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७९*

तारकेश्वर नगरपालिकाले आ.व २०७७/७८ मा वाहाल कर बापत रु. ६० लाख आम्दानी गरेकोमा यो राजस्व सुधार कार्ययोजना लागु भए पश्चात रु. २ करोड ८५ लाख ९६ हजार अनुमानित आम्दानी गर्न सकिने सम्भावना रहेको छ । सार्वजनिक जमिन उपयोग गरेवापत बहाल विरौटी कर आ.व २०७७/७८ मा संकलन गरेको देखिँदैन तसर्थ व्यवस्थित मापद्दण्ड बनाई विरौटी कर लिने सम्भावना रहेको भन्ने रहेको भएपनि यस वारेमा यकिन तथ्याङ्क रहेको देखिएन ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- घर जग्गा बहालमा लगाउने व्यक्ति वा संस्थाको विवरण सङ्कलनत तथा अद्यावधिक गर्ने ।
- सेवा सुविधाको उपलब्धता र शहरी क्षेत्र, शहर उन्मुख बजार क्षेत्र तथा ग्रामिण क्षेत्रका घर तथा जग्गालाई अलग अलग घर बहाल मूल्याङ्कन दर निर्धारण गरिनु पर्ने ।
- घर बहाल करको दर सके सम्म अन्य पालिकाले प्रचलनमा ल्याएको दर समान हुने गरी निर्धारण गर्ने ।
- सम्पति कर तथा भूमिकर असुलिको लागि सम्बन्धित घर तथा जग्गा जमिन धनीलाई आफ्नो स्वामित्वमा रहेको घर तथा जग्गा जमिन भाडामा लगाएको वा नलगाएको स्वघोषणा गर्न लगाई कमिक रुपले घर तथा जग्गा जमिन बहाल कारको दायरा भित्र समेट्दै लैजाने ।
- घर तथा जग्गा जमिन भाडामा लगाएको बारेमा प्रथम पटक स्वघोषणा गर्ने घर तथा जग्गा जमिन धनीलाई आ.व. २०७८/७९ भित्र स्वघोषणा गरी बहाल कर बुझाएमा यसै आ.व बाट मात्र बहाल कर लिने र यसरी लिएको रकममा निस्चित प्रतिशत छुट दिन सकिने व्यवस्था गर्ने । अटेर गरी स्वघोषणाको अवसर गुमाएमा घर तथा जग्गा जमिन धनीले भने यस प्रकारको अवसर प्राप्त नगर्ने नीतिगत तथा कानूनी व्यवस्था गर्ने जग्गा बहाल करको दर समेत सम्झौतामा उल्लेखित बहाल रकमको निस्चित प्रतिशत किटान गरिनु पर्ने ।
- जग्गा जमिनको उपयोगिताको आधारमा मूल्याङ्कनको आधार भने प्रति कठ्ठालाई आधार बनाउन सकिने ।
- कसैले झुट्ठा विवरण वा गलत तरिकाले स्वघोषणा गरेको रहेछ भने दण्ड जरिवाना शिर्षक अन्तरगत जरिवानाको व्यवस्था गर्ने
- स्थलगत सर्भेक्षण गरी भाडामा रहेका संरचना र भाडामा लाग्न सक्ने संरचनाहरूको यथार्थ विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर जग्गा बहाल कर निर्धारण गर्ने र उठाउने सम्बन्धी कार्यविधि कानूनको निर्माण गरी लागु गर्ने । घर वहाल कर असुली कार्यलाई कडाईका साथ लागु गरि त्यस्तो कर नतिर्ने व्यक्तिहरुलाई नगरपालिकाबाट उपलब्ध गराईने सेवा सुविधाबाट बंचित गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने । विरौटी करलाई व्यवस्थित गर्दै थप आय बृद्धि गर्न सकिने देखिन्छ ।

### ३.६.४ वित्तिय र पुँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर)

यस तारकेश्वर नगरपालिकाले विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । नगरपालिकामा दर्ता भएर सञ्चालनमा रहेका व्यवसाय न्युन मात्रामा रहेका छन् । यकिन संख्या नगरपालिकामा पनि रहेको छैन । नगरपालिकाले आय बृद्धिका लागि नगरपालिका क्षेत्रमा दर्ता भएका व्यवसाय सम्बन्धी यथार्थ तथ्याङ्क संकलन गर्नुपर्ने र करको दायरामा ल्याउनुपर्ने देखिन्छ । नगरपालिकामा भएको व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नविकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ ।स्थानीय तहहरूको गठन संगै नगरपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघ संस्थाहरू एकपटक नगरपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन ।

**(क) व्यवसाय कर**

यहाँ एक वडामा करिव ७०० वटा व्यवसाय रहेको भन्ने अनुमान गरी त्यसका आधारमा प्रक्षेपण गरिएको छ । एक वडामा ७०० वटा व्यवसाय छन् भन्ने आधारमा नगरपालिकामा ११ वटा वडा रहेको भएमा कुल ७७०० विभिन्न व्यवसायबाट हालको अवस्थामा देहाय बमोजिमको व्यवसाय करको कुल सम्भावना रहेको देखिन्छ ।

**तालिका १३: व्यवसाय कर सम्भावनाको गणना**

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० लाख सम्म (५० प्रतिसत) | ३८५० | १००० | ३८५०००० |
| २ | २० देखि ५० लाख (२५ प्रतिसत) | १९२५ | २,००० | ३८५०००० |
| ३ | ५० देखि ७० लाख सम्म (१५ प्रतिसत) | ११५५ | ३,००० | ३४६५००० |
| ४ | ७५ लाख देखि १ करोड सम्म (१० प्रतिसत) | ७७० | ५,००० | ३८५०००० |
| ५ | १ करोड देखि माथी (५ प्रतिसत) | ३८५ | १०,००० | ३८५०००० |
| | **जम्मा** | ७७०० | | १८८६५००० |

*स्रोतः तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७९*

**(ख) व्यवसाय रजिष्ट्रेशन दस्तुर**

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नविकरण

गरि सो को दस्तुर संकलन गर्न सक्ने छ । प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहाय बमोजिमको रहेको छ । तारकेश्वर नगरपालिकामा व्यवसाय दर्ताको प्रचलन कम नै रहेकोबाट एक बर्षमा एक वडामा ३ ठूला, ५ मध्यम र १० साना व्यवसाय बार्षिक रुपमा दर्ता हुनसक्छन् भन्ने आधारमा बार्षिक रुपमा कुल १९८ नयाँ व्यवसाय दर्ता हुने अनुमान गरी यो आय प्रक्षेपण गरिएको छ ।

**तालिका १४: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क्र.सं. | विवरण | प्रस्तावित दर | अनुमानीत संख्या | सम्भाव्य दर्ता आय (रु.) |
|---|---|---|---|---|
| १ | ठुला लगानीका ब्यवसायहरु | १०,००० | ३३ | ३३०,००० |
| १ | मध्यम लगानीका ब्यवसायहरू | ५,००० | ५५ | २७५,००० |
| २ | साना लगानीका ब्यवसायहरू | १,००० | ११० | ११०,००० |
| | **जम्मा** | | **१९८** | **७१५,०००** |

*स्रोत: तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७९*

तारकेश्वर नगरपालिकाले आ.व २०७७/७८ मा व्यावसाय कर वापत रु. २० लाख रुपैया आम्दानी गरेकोमा यो राजश्व सुधार कार्यायोजना लागु भए पश्चात सो दरमा वृद्धि भई व्यवसाय नविकरण वापत रु.१८८६५०००/- र नयाँ दर्ता वापत रु.७१५०००/- अनुमानीत आम्दानी गर्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :
- पालिका स्तरीय सर्वेक्षण गरी विवरणलाई यथार्थपरक बनाउने
- नगरपालिकामा सञ्चालित व्यवसायहरूको करको दर प्रगतिशिल कर प्रणाली अनसार वस्तपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने । सबै प्रकतिका उद्योग, व्यापार व्यवसाय (सेवा व्यवासय समेत) को हकमा (व्यक्ति र सामा कतिको बाहेक) कारोवारलाई कर निर्धारणको प्रमुख आधार मन्ने
- उद्योग, व्यापार तथा व्यवसाय (व्यवसायीक विशेषज्ञ सेवा समेत) को प्रकृति अनुसार अलग अलग विषयगत शिर्षक र तीनको उपयोगिता र प्रभावका आधारमा विभक्त गरिनु पर्ने
- जसको कारोवारको यकिन विवरण लिन कठिन हुन्छ उस्को हकमा १ पटकका लागि स्वघोषणालाई आधार बनाउने

- उद्योग, व्यापार तथा व्यवसायको हकमा समेत दस्तुर तथा सिफारिसमा लिईने शुल्कलाई सम्बन्धित शिर्षक अन्तरगत नै राख्ने
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दवैको व्यवस्था गर्ने
- नगरपालिका क्षेत्रमा दर्ता गरेर मात्र ब्यवसाय गर्ने बानीको विकास गराउनुपर्ने । नागरिकलाई व्यवसायकर तिन उत्प्रेरित गर्ने प्रकारका कार्यकम कार्यान्वयनमा ल्याउने ।
- व्यवसाय कर सम्बन्धी आवश्यक सूचनासहितको ब्यवसायहरूको यथार्थ विवरण संकलन तथा अद्यावधिक गर्ने । व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने । व्यावसायलाई लगानीको आधारमा र उत्पादन क्षमताका आधारमा साना, ठुला मझौला व्यवसायको रुपमा वर्गिकरण गरि सोही अनुरुप करको दर निर्धारण गर्ने ।
- नवप्रवर्तन स्थानिय रोजगारी पवर्धन गर्ने उद्योगहरुलाई आवस्यक प्रोत्साहानका कार्यक्रम संचालन गर्ने । व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागु गर्ने ।
- नेपाल सरकारले व्यवस्था गरे बमोजिम प्यान तथा भ्याट अनिवार्य गरि प्रत्येक व्यवसायी लाई व्यावसायीक संकेत नम्बर प्रदान गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्डको व्यवस्था हुनुपर्ने ।
- कर छुट समेतका विभिन्न प्रकृतिका सुविधालाई सेवा प्रवाह र रोजगारी श्रृजना गरेको मात्रात्मक सङ्ख्या सँग आवद्ध गर्ने ।
- नवप्रवर्तन स्थानिय रोजगारी पवर्धन गर्ने उद्योगहरुलाई आवस्यक प्रोत्साहानका कार्यक्रम संचालन गर्ने । व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागु गर्ने ।

**३.६.५ अन्य सेवा शुल्क**

नगरपालिकाले नगरपालिकावासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप नगरसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरि सेवा शुल्कहरू संकलन गरिरहेको छ । नगरपालिकाले उपलब्ध गराएको सेवा वापत नगरपालिकाले न्युनतम दरमा निर्धारण गरी सेवाको दायरा विस्तार गरी नागरिकलाई बढी सेवा प्रदान गर्ने र बढी शुल्क लिने व्यवस्था गर्न सकिन्छ । बढी सेवा बढी करको अवधारणा कार्यान्वयन गर्न सकिन्छ । नगरपालिकाको तर्फबाट कानुन बमोजिम प्रदान गर्न सहिने सेवा सुविधा प्रदान गरी

नागरिकलाई त्यस वापत शुल्क लिने सम्भाव्य क्षेत्रको पहिचानको लागि श्रोत सर्वेक्षण गर्ने र नयाँ सेवा क्षेत्रको पहिचान गर्ने ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- नगरपालिका तथा वडाबाट नागरीकलाई दिन सकिने गरिने नयाँ सेवा क्षेत्रको पहिचान गर्ने ।
- सिफारिसलाई "एक पटक दिने र वारम्बार दिने" गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।
- नगरपालिका तथा वडाबाट गरिने सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै व्यवस्थित एकिकृत रेकर्ड राख्ने । सेवा प्रवाह चुस्त दुरुस्त, प्रविधि मैत्री र छिटो छरितो वनाउने ।

### ३.५.६ दस्तुरहरू

यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक श्रोत हो । कुन सेवा प्रदान गरेवापत कति आय संकलन भयो भन्ने यकिन छुट्टै लेखा नराखिएको भएपनि एकमुष्ट रुपमा राख्ने गरेको छ ।

नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगरसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरूमा रकम समेत संकलन गरिरहेको छ । नगरपालिकाले कानुन बमोजिम असुली गर्न सक्ने दस्तुरहरू, जस्तो सवारी प्रवेश दस्तुर जस्ता सम्भाव्य क्षेत्रको पहिचानको लागि श्रोत सर्वेक्षण गर्ने र नयाँ सेवा क्षेत्रको पहिचान गर्ने ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- नगरपालिका तथा वडाबाट गरिने सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै व्यवस्थित एकिकृत रेकर्ड राख्ने । विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुर दर परिमार्जन गर्ने । सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने । दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने । वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अङ्क निर्धारण गर्नुपर्ने देखिन्छ ।

**क) नक्सा पास दस्तुर**

पालिकामा रहेका ६० प्रतिशत घरको नक्सा पास नभएको र घरधुरीको अभिलेखिकरण हुन बाँकि रहेको र तिमध्ये १० प्रतिशत घरहरु कच्ची रहेको र तीन बर्षमा सम्पूर्ण घर अभिलेखिकरण हुने भन्ने अनुमान गरी बार्षिक रुपमा ३३ प्रतिशत घर अभिलेखिकरण हुने आधारमा नक्सा पास दस्तुरको प्रक्षेपण गरिएको छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानीत संख्या र नगरसभाले पास गर्ने औसत दस्तुरको आधारमा गणना गर्दा देहाय बमोजिम नक्सा पास दस्तुर संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका १५: नक्सा पास दस्तुरको सम्भावनाको गणना**

| क.सं. | विवरण | संख्या | औसत दर | सम्भाव्य आय |
|---|---|---|---|---|
| १ | **घर नक्सा पास** | | | |
| | पक्की घर | ४४० | ३५,००० | १५,४००,००० |
| | अन्य घर | ११० | १,५०० | १६५,००० |
| | **घर नक्सा पास जम्मा** | **५५०** | | **१५,५६५,०००** |
| २ | **अभिलेखिकरण** | | | |
| | पक्की घर (६० प्रतिशत) | ११६३१ | १५,००० | ५८,१५३,५०० |
| | कच्ची घर (१० प्रतिशत) | १२९२ | १००० | ४३०,७६७ |
| | **अभिलेखिकरण जम्मा** | **१२९२३** | | **५८,५८४,२६७** |
| **जम्मा** | | | | **७४,१४९,२६७** |

*स्रोत: तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७९*

तारकेश्वर नगरपालिकाले नक्सापास दस्तुर दर निर्धारण गरेको छ । आर्थिक बर्ष २०७७/७८ मा नगरपालिकाले नक्सापास दस्तुर अन्तर्गत रु. ५ करोड ७५ लाख आम्दानी गरेकोमा घर नक्सा पास र अधावधिकको कार्यलाई नियमित बनाउने गर्ने हो भने यस पालिकलाले यो शिर्षक बाट रु. ७ करोड १४ लाख आम्दानी गर्न सक्ने सम्भावना रहेको छ । यसको लागि नगरपालिकाले एक अभियानको रुपमा घर अभिलेखिकरण र अध्यावधिक गर्ने कार्य गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने । भुकम्प प्रतिरोधी भवन निर्माण कार्यलाई प्रोत्साहान गरी सो सम्बन्धी जनचेतनाका कार्य संचालन गर्ने ।

- नक्सापास नगरी घर बनाउन नपाउने नियम कडाइका साथ कार्यान्वयन गरिनु पर्दछ । घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गरिनगरपालिका भित्रमा रहेका भवनको यथार्थ विवरण संकलन गर्ने । भवन निर्माण आचारसंहिता लागु गरी मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।

### ३.५.७ अन्य विविध आय

तारकेश्वर नगरपालिकाले विभिन्न किसिमका फारमहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा नगरपालिकाद्धारा प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस दण्ड जरिवाना, पेश्की फिर्ता लगायत अन्य विविध आयहरू रहेका छन् । नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगरसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ । यो नियमित आम्दानीको श्रोतको रुपमा रहेको हुँदा यसमा थप प्रक्षेपण गरिएको छैन । नगरपालिकाले चालु आ.ब. को अनुमानित प्रक्षेपणलाई नै आधार बनाईएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- दाताहरूको पहिचान गरी नयाँ सम्भाव्य योजनामा लगानीको लागि प्रोत्साहन गर्ने । लगानी मैत्री वातावरण निर्माण गरी अन्य श्रोतबाट आयको क्षेत्र विस्तार गर्दै लैजाने । सम्भावित करदाताको पहिचान गरी दायरा बढाउनको लागि उनिहरूसँग समन्वय गर्ने ।
- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर परमार्जन गर्ने ।
- कर संकलनको क्षेत्रमा कार्य गर्ने कर्मचारीलाई आवश्यक पर्ने औजारको उचित प्रवन्ध गर्ने ।
- नेपालका अन्य आन्तरिक आय बृद्धि गर्न सफल रहेका स्थानीय निकायको अवलोकन गरी कर, गैरकर तथा अन्य आयका श्रोतहरूको पहिचानको लागि अनुभव र सीप हस्तान्तरणको व्यवस्था मिलाउने ।
- जरिवानाको दायरा फराकिलो बनाउने, र दर निर्धारण औचित्यमा आधातिर बनाउनु पर्ने ।
- दण्ड जरिवाना वा जफतलाई सोहि शिर्षक अन्तरगत राखिन् पर्ने ।

## परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

### ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यस नगरपालिकाले राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजस्व परिचालनका लागि यस नगरपालिकाले हालसम्म निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको छ :

१. नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि शुत्र सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिएको छ । वडा कार्यालयबाट संकलन हुने राजस्व अनलाईन प्रणालीबाट दाखिला गर्ने गरिएको छ ।
२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ ।
३. नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइएको छ ।
४. नगरपालिकाको आर्थिक क्षमता बढाउनकालागि नगरक्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइएको छ ।
५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।

प्रस्तुत तालिकामा तारकेश्वर नगरपालिकाको राजस्व परिचालनको नीतिगत विश्लेषण संगठनात्मक व्यवस्था, राजश्व प्रशासन सञ्चालनको अवस्था र सूचना तथा समन्वयको अवस्था गरी तीन वटा उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

तालिका १६ : राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| क) संगठनात्मक व्यवस्था | | |

| | | |
|---|---|---|
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छ | संगठन संरचना समयसापेक्ष र नागरिकको संख्यालाई ध्यान दिई सेवा प्रवाह गर्न आवश्यकता अनुरुपको तयार गर्ने । |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | सहायक पाँचौ १ का.स. १ पूर्ण छैन | राजस्व शाखालाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरी चुस्त बनाउने । |
| राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ की छैन ? | छ | राजस्व शाखाको लागी कार्यविवरण तयार गर्ने |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ । लिखित दिईएको छैन । | समयसापेक्ष अद्यावधिक गर्दै लानुपर्ने । |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | छ । पर्याप्त उपलब्ध छैन । | समय समय मा क्षमता बिकास तालिम को व्यवस्था गर्नु पर्ने |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? ( सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छ । | घटना दर्ता, सम्पतिकर तथा मालपोत कर, सिफारिस आदी प्रविधिमैत्री बनाउने । |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | केही मात्रामा हुने गरेको । | आवश्यकताका आधारमा पहिचान गरी प्रदान गर्ने । |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | नभएको | करदाता विबरण अद्याबदिक गर्नु पर्ने । |
| **ख) राजस्व प्रशासन संचालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | भएको | करदाता विबरण अद्याबदिक गर्नु पर्ने । |
| नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | न.पा. कार्यालयले मात्र प्रयोग | शिर्षकगत बुझिने ढंगको रेकर्ड व्यवस्थापनमा ध्यान दिनुपर्ने । |

| | | |
|---|---|---|
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | हुने गरेको छ। | नागरिकको पहुँच स्थापित हुने गरी र बुझ्ने ढंगले क्षमताका आधारमा लिनुपर्ने । |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | दायरा समेट्न नसकेको तथा प्रचार/प्रसार गर्न नसकेको | राजस्व सचेतना शिक्षा व्यापक रुपमा संचालन गर्नु पर्ने । समयमै राजस्व तिर्ने वानी विकास गराउनुपर्ने । |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | दण्ड जरीवानाको व्यवस्था रहेको । | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै व्यवस्था गर्नु पर्ने । |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छैन<br>- गत आ.व.सम्म रहेको राजस्व कम उठ्ने हुँदा छुट छैन जरिवाना छ । | आर्थिक ऐनमा नै व्यवस्था गर्नु पर्ने । |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छैन | राजस्व सम्बन्धि जनजागरण कार्यक्रमहरू व्यापक रुपमा संचालन गर्नु पर्ने । |
| नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था केकस्तो छ ? | छ - न.पा. मा गुनासो सुन्ने अधिकारी सूचना अधिकृत | गुनासो व्यवस्थापनको लागि चुस्त संयन्त्रको परिचालन गर्ने । |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | कार्यालय प्रमुखद्वारा समय समयमा गरीने | कार्यकारी प्रमुख तथा राजस्व परामर्स समितिद्वारा अनुगमन गर्ने व्यवस्था गर्नु पर्ने |

| | | |
|---|---|---|
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छ | सार्वजनिक कार्यमा नागरिकको अपनत्व स्थापित गर्नुपर्ने । |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | छ | राजस्व सम्बन्धि जनजागरण कार्यक्रमहरू व्यापक रुपमा संचालन गर्नु पर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | छ । | करको संकलन प्रति पनि करदातालाई जवाफदेही वनाउने । |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | छ । | राजस्व परामर्स समितिको बैठक नियमित रुपमा मासिक रुपमा बस्नु पर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | भएको । | सरोकारवालाको सहभागीता थप बढाउन पहल गर्ने । |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | छ । | राजस्व शाखालाई अरु शाखासंगको समन्वयमा नगरपालिकाले समन्वय बढाउने । |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | भएको । | शिर्षकगत विवरण राख्नु पर्ने । |
| नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ । | नागरिक र सरोकारवालाले बुझ्ने ढंगले विकास गर्नुपर्ने । |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | छ । | वेरुजु फछ्र्यौट कार्यान्वयन क्षमता विकास गर्ने । |

स्थानीय जनता जगरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरुले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

### ४.२.१ राजस्व परामर्श समिति

राजस्वलाई बजेटको मेरुदण्डको रुपमा लिने गरिन्छ । राजस्व प्रणाली र राजस्व प्रशासनको अवस्थाले सरकारको समग्र अवस्था र प्रभावकारितामा अग्रणी स्थान राख्दछ । नगरपालिकाको आर्थिक विकास र संवृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने संयन्त्रको रुपमा स्थानीय राजस्व परामर्श समिति रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ वमोजिम नगरपालिका उपप्रमुखको संयोजकत्वमा गठित यस समितिमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको दुई जना सदस्य  निजि क्षेत्रको तर्फ बाट उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य, घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य गरी अधिकतम सात जना सम्म सदस्य रहने व्यवस्था छ । यस नगरपालिकामा देहायमा उल्लेख भएबमोजिमको ७ सदस्य राजस्व परामर्श समिति रहेको छ ।

**तालिका १६: तारकेश्वर नगरपालिकाका राजस्व परामर्श समितिका पदाधिकारीहरू**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री श्रृजना बुर्लाकोटी अर्याल | उप प्रमुख | संयोजक |
| २ | श्री शिव प्रसाद लम्साल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | | कार्यपालिका सदस्य | सदस्य |
| ४ | | कार्यपालिका सदस्य | सदस्य |
| ५ | | उ.वा.संघ प्रतिनिधि | सदस्य |
| ६ | | घरेलु प्रतिनिधि | सदस्य |
| ७ | | आर्थिक प्रशासन शाखा प्रमुख | सचिब |

*स्रोतः तारकेश्वर नगरपालिका २०७९*

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेस गरेको थियो । नगरपालिकाको संवैधानिक तथा कानूनी आधार र सीमा भित्र रहेर नगरपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि नगरसभाले सो दर स्वीकृत

गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी नगरसभाबाट आर्थिक ऐन पारित गरिएको छ ।

नगरपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा प्रशासन र राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन् :

**संस्थागत विकास, सेवा प्रबाह र सुशासन**

- नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र राख्ने कार्य भएको साथै सूचनामूलक सन्देश तथा कामको विवरण कार्यालयको website र डिजिटल डिस्प्ले बोर्ड मार्फत सम्प्रेषण गर्ने कार्य भईरहेको छ ।
- नगरपालिकाका विभिन्न सूचनाहरु गोरखापत्र तथा अन्य राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने कार्यको थालनी गरिएको छ ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा कार्यरत कर्मचारीहरुको ई-हाजिरी गर्ने र सोही अनुसारको कार्य सम्पादन मूल्यांकन गर्ने कार्यको थालनी भएको छ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता विकासको लागि सार्वजनिक खरिद र राजस्व सम्बन्धी तालिम प्रदान गरिएको । सेवाग्राही मैत्री वातावरण निर्माण स्मार्ट हेल्पडेस्क, मोवाईल चार्जर स्टेशन र सेवाग्राही बस्ने प्रतिक्षालय निर्माण गरिएको छ ।

**राजश्व परिचालन**

- नगरपालिकालाई वार्षिक तथा निरन्तर रुपमा प्राप्त हुने खालका श्रोत र दायरा पहिचान गरी
- सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजश्वको दायरामा ल्याइनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई कर प्रतिको सकारात्मक धारणा अभिवृद्धि गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक राजस्व चहावट नियन्त्रण गर्न विलिङ सफ्टवेयरलाई थप व्यवस्थित र आवश्यकता अनुसार परिमार्जन गर्दै कर्मचारीहरुलाई राजस्व सम्बन्धी तालिमको व्यावस्था गरिनेछ ।

- करदाताहरुलाई समयमा नै कर तिर्ने वातावरण सिर्जना गर्नका लागि कर छुटको विशेष व्यवस्था गरिनेछ ।
- राजस्व सुधार नीति अनुरुप स्थानीय सरकारले लिन सक्ने राजस्वका थप क्षेत्रहरुको समेत अध्ययन गरी राजस्व प्राप्त गर्न सक्ने क्षेत्रहरुमा बहुवार्षिक योजना तथा कार्यक्रमहरुमा समावेश गरी दीर्घकालिन राजस्व प्राप्ति सुधारका क्षेत्रहरु बढाउने नीति लिईनेछ ।
- कर प्रशासन सम्बन्धी प्रक्रियालाई अझै सरल, प्रगतीशील, पारदर्शी र अनुमानयोग्य बनाइनेछ। कोभिड-१९ का कारण आम नागरिकहरुमा पर्न गएको असरलाई मध्यनजर राख्दै करदाताहरुलाई उत्प्रेरित गर्न आर्थिक ऐन, २०७८ मा व्यावस्था गरी तोकिएका क्षेत्रहरुमा केही कर छुट र जरिवाना छुटको व्यवस्था गरिनेछ ।

### ४.२.२ तारकेश्वर नगरपालिकाको राजस्व प्रशासन

यस नगरपालिकामा राजस्व प्रशासनको लागि बेग्लै राजस्व शाखा स्थापना गरिएको छ। नगरपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको अनलाइन मार्फत संकलन गर्ने) प्रयोग गरिएको छ। यस शाखामा फर्निचर, कम्प्युटर, प्रिन्टर तथा अन्य भौतिक सुविधा उपलब्ध गराइएको छ। राजश्व सम्बन्धी डाटा अनलाइनबाट प्रविष्ट गर्ने गरिएको छ। राजश्व असुलीकोलागि SUTRA सफ्टवेयरको प्रयोग गरिएको छ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शिर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने ब्यवस्था रहेको छ। दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास नगरपालिका कार्यालयबाटै हुने गरेको छ। आगामी दिनमा विद्युतिय माध्यमबाट कर भुक्तानीको प्रचलनलाई संस्थागत गर्नुपर्ने अपरिहार्यता रहेको भने देख्न सकिन्छ ।

### ४.२.३ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

नगरपालिकाको धेरैजसो आम्दानी यसका वडाहरूबाट संकलन गर्ने गरिएको छ । नगरपालिकामा राजश्व शाखा गठन गरी एक अधिकृतलाई राजस्व शाखा प्रमुखको जिम्मेवारी दिइएको छ । अन्य तीन जना कर्मचारीहरु पनि व्यवस्थापन गरिएको छ । वडा कार्यालयबाट पनि राजस्व अनलाईन मार्फत् प्रविष्टिको लागि वडा कार्यालयका कर्मचारीलाई नै तोकिएको छ। छुट्टै राजस्वका कर्मचारीको व्यवस्था वडा स्तरमा भने गरिएको छैन ।

## ४.३ तारकेश्वर नगरपालिकाको वर्तमान आन्तरिक आय परिचालन

नगरपालिकाको विगत बर्षको आय परिचालनको अवस्था गत २०७६/७७ को यथार्थ संकलन, गत आ.व. २०७७/७८ को संसोधित अनुमान र चालु आ.व.को प्रस्तावित आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १७: तारकेश्वर नगरपालिकाकाको वर्तमान आन्तरिक आय परिचालन**

(हजारमा)

| शिर्षक | आ.व. २०७६/०७७ को यथार्थ | आ.व २०७७/७८ को संसोधित अनुमान | आ.व २०७८/७९ को अनुमान | वृद्धि दर % |
|---|---|---|---|---|
| **राजश्व** | ७३२२५७ | ११७५८९६ | १३२३३१८ | २१.८ |
| **आन्तरिक श्रोत** | ४९३९७२ | ७३९४९७ | ७९१६५० | १७.० |
| ११३१३ सम्पत्ति कर | ३०९७६ | ४०००० | ४५००० | १३.३ |
| ११३१४ भुमिकर मालपोत | २२५५ | ३५०० | २५०० | ३.५ |
| ११३२१ घरवहाल कर | ५५६३ | ६००० | १६५०० | ४३.७ |
| ११३२२ बहाल विरौटी कर | ० | ० | ० | |
| ११४५१ सवारी साधन कर | ० | ० | ० | |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | ० | |
| ११४७९ मनोरञ्जन कर | १ | २० | ५० | २६८.४ |
| ११६१३ व्यवसाय रजिष्टेशन दस्तुर | | | | |
| ११६९१ अन्य कर | | | | |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | | | | |
| १४१५१ सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | | | | |
| १४१९१ पर्यटन शुल्क | | | | |
| १४२१३ अन्य विक्रिबाट प्राप्त आय | | | | |
| १४२१८ विद्युत सेवा सुल्क | | | | |
| १४२१९ अन्य सेवा सुल्क तथा विक्रि (सहकारी) | | ५०० | ५०० | |
| १४२२१ न्यायिक दस्तुर | . | ८२०० | ५०००० | |
| १४२२४ परिक्षा शुल्क | | १५२७ | १५०० | |
| १४२२९ अन्य प्रशासनिक सेवा सुल्क | ९१२४ | ७००० | १००० | -५२.१ |
| १४२४१ पर्किङ शुल्क | | | | |
| १४२४२ नक्सापास दस्तुर | ४३९२४ | ५७५०० | ६५००० | १४.० |
| १४२४३ सिफारिस दस्तुर | ३२८०१ | ३५००० | ५२५०० | १७.० |
| १४२४४ व्यक्तिगत घटना दस्तुर | १२४७६९ | २८८७८० | २७५००० | ३०.१ |
| १४२४५ नाता प्रमाणित दस्तुर | २१४६८३ | २६३७७० | २५०००० | ५.२ |
| १४२४९ अन्य दस्तुर | ३६१ | | | |

| | | | | |
|---|---|---|---|---|
| १४२६५ अन्य क्षेत्रको आय | | | | |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | | | | |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ११५ | २०० | १०० | -४.६ |
| १४३१३ धरौटी सदर स्याहा | ० | | | |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | | ५०० | ५०० | |
| १४५२९ अन्य राजस्व (ढुंगा, गिटी, वालुवा निकासी कर) | २७७२० | २५००० | २५००० | -३.४ |
| १४६११ व्यवसाय कर | १६८० | २००० | ६५०० | ५७.० |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | २३८२८५ | ४३६३९९ | ५३१६६८ | ३०.७ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २३८२८५ | ३०७००० | ४००००० | १८.८ |
| ११४११ बाँडफाँडभई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ० | ० | ० | |
| ११४१८ बाँडफाँडभई प्राप्त अन्य | ० | ९४४७५ | ९५४०० | |
| ११४२१ बाँडफाँडभई प्राप्त हुने अन्तःशुल्क | | | | |
| ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ० | ३४७०४ | ३५८४३ | |
| १४१५३ बाँडफाँडभई प्राप्त वन रोयल्टी | | | | |
| १४१५४ बाँडफाँडभई प्राप्त खानी तथा खनिज रोयल्टी | | | | |
| १४१५७ बाँडफाँडभई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | | | |
| १४१७२ बाँडफाँड हुने राजश्व ( विज्ञापन कर) | | २२० | ४२५ | |

*स्रोतः तारकेश्वर नगरपालिका २०७९*

तारकेश्वर नगरपालिकाको आन्तरिक श्रोत तर्फ आर्थिक बर्ष २०७६/७७ को यथार्थ संकलन रू. ४९ करोड ३९ लाख ७२ हजार गत आ.व.को संसोधित अनुमान रू. ७३ करोड ९४ लाख ९७ हजार र चालु आ.व.को प्रस्तावित आय रू. ७९ करोड १६ लाख ५० हजार रहेको देखिन्छ । राजस्व बाँडफाँडबाट आर्थिक बर्ष २०७६/७७ को यथार्थ संकलन रू. २३ करोड ८२ लाख ८५ हजार गत आ.व.को संसोधित अनुमान रू. ४३ करोड ६३ लाख ९९ हजार र चालु आ.व.को प्रस्तावित आय रू. ५३ करोड १६ लाख ६८ हजार रहेको देखिन्छ। आन्तरिक श्रोत र राजश्व बाँडफाँडबाट प्राप्त रकम गरी आर्थिक बर्ष २०७६/७७ को यथार्थ संकलन रू. ७३ करोड २२ लाख ५७ हजार गत आ.व.को

संसोधित अनुमान रू. ११७ करोड ५८ लाख ९६ हजार र चालु आ.व.को प्रस्तावित आय रू. १३२ करोड ३३ लाख १८ हजार जम्मा आन्तरिक आय रहेको छ ।

**४.४ राजस्व परिचालनमा रहेका सवालहरू**

संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघीय कानून समेतका आधारमा नगरपालिकाको आर्थिक ऐनलाई समय सापेक्ष बनाउँदै आन्तरिक आय आर्जनको दिगो व्यवस्थापन र परिचालनमा समायनकल सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

क) संविधान/कानुनद्वारा अख्तियार प्राप्त नगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर जस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन नसकेका कारण कर सङ्कलन सामर्थयको अभिवृद्धि गर्दै कर सङ्कलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस राजस्व सधार कार्ययोजना तथा सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका कार्यकलाप अनुरुप तिनीहरूको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

ख) स्थानीय सरकारको रुपमा स्थापित भएर आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको तारकेश्वर नगरपालिकाले कार्य जिम्मेवारीका आधारमा संगठनात्मक संरचना तयार गरी उक्त संरचना बमोजिम शाखा, उपशाखा वा ईकाइगत साथै कर्मचारीको व्यक्तिगत कार्य जिम्मेवारी समेत सुनिस्चित गरी कार्य सम्पादन सम्झौता गर्न आवश्यक देखिएको छ ।

ग) नगरपालिकाको संगठन व्यवस्थापन सर्भेक्षण गरी नगरपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा नगरसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व उपशाखाका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु आवश्यक रहेको छ ।

घ) नगरपालिकाले आर्थिक ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । निर्माण विकासका कार्यमा प्रयोग हुन नगरपालिकाका यन्त्र, उपकरण तथा साधनहरू जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ ।

ङ) तथ्याङ्कमा आधारित अभिलेख आन्तरिक आयमा वृद्धिका लागि आन्तरिक आयका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । यस अन्तर्गत नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा हरेक वर्ष अद्यावधिक गर्नुपर्ने जस्ता विषयहरू समावेश रहन्छन् । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । तसर्थ राजस्व परिचालन सँग सम्बन्धित अभिलेख तथा विवरणहरू अनिवार्य व्यवस्थित गर्न आवश्यक छ ।

च) राजस्व सङ्कलन तथा व्यवस्थापन कार्यविधि तर्जुमा, आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी नगरपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

छ) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

ज) सामाजिक-आर्थिक अवस्था र कर सङ्कलन सामर्थय बीचको सामञ्जस्यता स्थानीय स्तरमा आजआर्जनका अवसरहरूको कमी रहेको छ । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । जनसंख्याको ठूलो हिस्सा कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । यसका साथै करदातामा कर तिर्नपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरू थपिनु समस्याका रुपमा रहन सक्छ । कानुनले अधिकार दिएका क्षेत्रहरूमा कर सङ्कलन नगर्दा नगरपालिकाले कर सङ्कलन सामर्थय कमजोर देखिन सक्ने भएकाले सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नुपर्दछ ।

झ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउन, करदातासँग निन्तर संवाद गर्न, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउन जस्ता सकारात्मक प्रसासहरू गर्न अनिवार्य देखिन्छ ।

ञ) कर तिर्नु नागरिकको दायित्व हो भन्ने वोध गराउन नसक्नु मुख्य चुनौतीको रुपमा रहेको छ । अर्को तर्फ नागरिकको करबाट प्राप्त भएको आम्दानी नगरपालिकाको हितमा परिचालन गर्न यथेष्ठ नहुनु पनि मुख्य सवाल रहेको छ । नागरिकको कर नागरिककै हितमा भन्ने अवधारणाको कार्यान्वयनमा नगरपालिका लाग्नुपर्ने देखिन्छ ।

ट) उद्योग वाणिज्य संघ र व्यवसायीहरूसँग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नु पर्ने ।

ठ) नगरपालिकाको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्दा अत्मनिर्भर नगरपालिका निर्माणको नीति लिई केन्द्र र प्रदेशमा भर नपरी आवश्यक श्रोत परिचालनको सम्भावनाको पहिचान गरी कार्यान्वयनको नीति लिनुपर्ने ।

# परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना

## ५.१ तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सरोकारवालाहरूको सहभागितामूलक छलफलबाट तयार पारिएको तारकेश्वर नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। नगरपालिकाको राजश्व सम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरू सँगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधीमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ।

**तालिका १८: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **कर राजश्व** | | | |
| **भूमि कर (मालपोत)** | • जग्गाको किसिममा औचित्यलाई ख्याल गरी मौजुदा मुल्यांकनलाई पुन मुल्यांकन गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | राजश्व परामर्श समिति |
| **सम्पत्ती कर** | • वडा कार्यालयबाट समेत कर लिनका लागि नेटवर्किङ्गमा आधारित सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने।<br>• बाटोले छोइएकोमा ग्रामिण सडक, मोटरेबल र हाइवेको वर्गीकरण गरी ठाउँ अनुसार दर निर्धारण गर्ने<br>• सम्पत्ति कर लागू भएका उत्कृष्ट स्थानिय तहहरूमा अवलोकन भ्रमण गर्ने। | आर्थिक बर्ष २०७९/८० भित्र<br><br>कतिपय भइरहेको | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, नगरसभा |
| **सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)** | • सञ्चालनका लागि उद्योग वाणिज्य संघसंग समन्वय गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| **घर जग्गा बहाल कर** | • घर जग्गा बहाल करलाई न.पा., बाटोको सुविधा र प्रकृति हेरी कर लगाउने<br>• घर तथा जग्गा वहालमा लगाउने घरधनीहरूको विवरण संकलन गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| **व्यवसाय कर** | • नगरपालिका भित्र रहेका व्यवसायीहरूको तथ्याङ्क लिने र व्यवसायकरका दरहरूलाई विस्तृत अध्ययन गरी करका दररेट निर्धारण गर्ने। | आर्थिक बर्ष २०७८/७९ भित्र | राजश्व परामर्श समिति |

| | | | |
|---|---|---|---|
